बैठक संख्या:१९७
मिति:२०८३/०५/१४
समय: बिहान ७:३० बजे

कमलामाई नगरपालिका प्रमुख श्री उपेन्द्र कुमार पोखरेलको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा कार्यपालिकाको बैठक बस्यो ।

## उपस्थिति

| | |
|---|---|
| श्री उपेन्द्र कुमार पोखरेल | नगर प्रमुख |
| श्री मन्जु देवकोटा | नगर उप प्रमुख |
| श्री नरेश गोले | वडा अध्यक्ष १ |
| श्री ईन्द्र वाईबा | वडा अध्यक्ष २ |
| श्री खड्ग प्रसाद चौलागाई | वडा अध्यक्ष ३ |
| श्री महेन्द्र प्रसाद ढकाल | वडा अध्यक्ष ४ |
| श्री पूर्ण बहादुर खड्का | वडा अध्यक्ष ५ |
| श्री उज्ज्वल कुमार थापा | वडा अध्यक्ष ६ |
| श्री कर्ण बहादुर घिसिङ | वडा अध्यक्ष ७ |
| श्री कोमल कुमार श्रेष्ठ | वडा अध्यक्ष ८ |
| श्री विनोद प्रधान | वडा अध्यक्ष ९ |
| श्री दिप बहादुर कार्की | वडा अध्यक्ष १० |
| श्री राम बहादुर थिङ | वडा अध्यक्ष ११ |
| श्री भिम बहादुर गुर्मछान | वडा अध्यक्ष १२ |
| श्री केशर बहादुर कार्की | वडा अध्यक्ष १३ |
| श्री राजन न्यौपाने | वडा अध्यक्ष १४ |
| श्री उमा विश्वकर्मा | कार्यपालिका सदस्य |
| श्री जमुना कुमारी श्रेष्ठ | कार्यपालिका सदस्य |
| श्री देवी देवकोटा | कार्यपालिका सदस्य |
| श्री धन कुमारी श्रेष्ठ | कार्यपालिका सदस्य |
| श्री शिव कुमारी रायमाझी | कार्यपालिका सदस्य |
| श्री भदीमाया थापा | कार्यपालिका सदस्य |
| श्री मान बहादुर दुमार्इ | कार्यपालिका सदस्य |
| श्री राजन बहादुर भुजेल | कार्यपालिका सदस्य |
| श्री किरण निधि तिवारी | सचिव (प्र.प्र.अ.) |

कमलामाई नगरपालिका नगर कार्यपालिकाको कार्यालय सिन्धुलीमाडी, सिन्धुली बागमती प्रदेश, नेपाल

कमलामाई नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

सिन्धुली, बागमती प्रदेश

**गिति २०८३ भाद्र १४ गते बसेको १९७ औं नगर कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरु**

### प्रस्ताव नं.१. विपद् सम्बन्धमा ।

**निर्णय:** वि.सं.२०८३/०५/१०गतेभोटेकोशीनदीमा आएको विनाशकारी बाढीका कारण भएको ठूलो जनधनको क्षतिप्रति कमलामाई नगरपालिका गहिरो दुःख व्यक्त गर्दछ । प्राकृतिक विपद्को यस पिडादायी घट्नामा ज्यान गुमाउनुहुने सम्पूर्ण मृतकहरु प्रति कमलामाई नगरपालिकाको तर्फबाट भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परीवारजन प्रति हार्दिक समवेदना प्रकट गर्दछौं । यस महा विकटमा घाइते तथा प्रभावित हुनु भएका सम्पुर्ण नागरिकहरुको शीघ्र आरोग्यता, सुरक्षा पुनरस्थापना, दुखद पुनरमिलन र सरल जनजिवनको कामना गर्दछौं। आफ्ना आफन्त, घर परिवार, सम्पति तथा जिवन यापनका आधार गुमाउँनु परेका नागरिहरुको पिडा शब्दमा व्यक्त गर्न कठिन छ । विपद्ले दिएको यो चोट एउटा भुगोल वा समुदायको मात्र होइन सम्पूर्ण राष्ट्रको साझा पिडा हो ।

यस्तो राष्ट्रिय विपद्को घडीमा दुःख मा परेका नागरिकलाई राज्य, स्थानीय सरकार , नागरिक समाज, निजि क्षेत्र, संघसस्था तथा आम नागरिक सबैले आ आफ्नो स्थानबाट सहयोग गर्नु हाम्रो मानवीय दायित्व र कर्तव्य पनि हो । कमलामाई नगरपालिकाको आज बसेको कार्यपालिका बैठकले नगर क्षेत्र, जिल्ला र देशभरिका यस महा विपतिमा पिडित सबैलाई पिडितको अवस्था अनुसारको आवश्यक सहयोगमा आर्थिक तथा भौतिक साथ दिने निर्णय गरियो ।

### प्रस्ताव नं.२: सिटी हल भाडा सम्झौता सम्बन्धमा ।

**निर्णयनं.२:**कमलामाई नगरपालिका सिटीहल भाडा / वहाल व्यवस्थापन कार्यविधि २०८२ मा भएको व्यवस्था अनुसार श्री ए.के. युनिभर्सल प्रा.लि. ले प्रस्ताव गरेको कर बाहेक रु ४,५०,०४८/६७ ( चार लाख पचास हजार अढचालिस र सरसटी पैसा मात्र ) सारभुत रुपमा प्रभावग्राही भई सम्झौताको चरणमा रहेको कार्यलयबाट पेश विवरणबाट खुल्न आएको देखिन्छ । यस अवस्थामा सिटी हल भाडा / वहाल व्यवस्थापन कार्यविधिमा भएको व्यवस्थालाई कार्यान्वयन गर्दै प्रस्तावदाताबाट माग भएको आधारभुत कुराहरु विद्युत सप्लाई, खानेपानी, सामान्य अत्यावश्यक मर्मत सम्भार गर्नुपर्ने कुराहरुको लागि नगर प्रमुख स्तरिय निर्णयबाट कार्यान्वयन हुनेगरी सम्झौताको लागि प्रशताव दाताले पेश गरेको निवेदनको मितिदेखि १ (एक) महिनासम्म मर्मत अवधि रहने र सो अवधि भित्र सम्झौता गरी सर्त र मापदण्डको पालना गर्दै भाडा बुझाउने गरी सम्झौता गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

किरण निधि तिवारी
प्रमुख प्रशासकीय अधिकृत

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

कमलामाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिन्धुलीमाडी, सिन्धुली
बागमती प्रदेश, नेपाल

**निर्णय नं.३:** वि.सं.२०८३/०५/१० गते भोटेकोशी नदीमा आएको विनाशकारी बाढीका कारण सृजित मानविय तथा भौतिक क्षतिको सामना यस नगरपालिकाले पनि गर्नुपरेको छ । महाविपत्तिमा परी मृत्युवरण गरेका, घाइते भएका र हालसम्मपनि अज्ञात अवस्थामा रहेका नगरबासीहरुलाई राहात उपलब्ध गराउने उदेश्यले आजको बैठकबाट मृत्यवरण गरेका प्रति सदस्य परिवार रु १५,०००।–(अक्षरुपी पन्ध्र हजार मात्र), घाइते र बेपत्ता परिवारका प्रति सदस्यलाई रु १०,०००।–(अक्षरुपी दश हजार मात्र) राहात उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.४:** वि.सं.२०८३/०५/१० गते भोटेकोशी नदीमा आएको विनाशकारी बाढीका कारण सृजित मानविय तथा भौतिक क्षतिमा राहात उपलब्ध गराउने कार्य देशैभरी चलिरहेको सन्दर्भमा यस माहाविपत्तिमा कमलामाई नगरपालिकाबाट निम्नानुसारले राहात संकलन गर्ने निर्णय गरियो ।

क. दैवि प्रकोप व्यवस्थापन कोषबाट रु २,००,०००।–( अक्षरुपी दुईलाख मात्र)
ख. कमलामाई नगरपालिका जनप्रतिनिधिहरुबाट पारिश्रमिकको १० प्रतिशत
ग. नगरपालिका कर्मचारी / शिक्षकबाट मुख्य सचिवस्तरीय बैठकको निर्णय अनुसार ।

**निर्णय नं.५:** विनाशकारी बाढीमा परेका यस कमलामाई नरपालिकाका नागरिकहरुको खोजतलास, पहिचान र परिवारीक पुनरमिलनका लागि यस नगर क्षेत्रबाट बाढी ग्रस्त क्षेत्रमा जान आउनको लागि बढीमा ३ वटा चारपाङ्ग्रे सवारी साधन उपलब्ध गराउने र सोको खर्च नगरपालिकाको विपद् व्यवस्थापन कोषबाट व्यहोर्ने निर्णय गरियो ।

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

किरण निधि तिवारी
प्रमुख प्रशासकीय अधिकृत